# आधा सत्य

(नाटक)

**नाटककार**

राजन खतिवडा

सिजन दाहाल

mandala theatre-nepal

# आधा सत्य

**प्रकाशक** : मण्डला थिएटर नेपाल

**इमेल** : theatre.mandala@gmail.com

**विधा** : नाटक

**नाटककारहरू** : राजन खतिवडा र सिजन दाहाल

**सम्पादन/अंग्रेजीमा अनुवाद** : विप्लव प्रतीक

**पहिलो संस्करण** : २०१८

**तस्वीरहरू** : राजन काफ्ले (फोटो महल)

**साजसज्जा** : टाइम्स क्रियशन

**आवरण** : राजन काफ्ले (टाइम्स क्रियशन)

**मुद्रण** : दिदीबहिनी अफसेट प्रेस, अनामनगर

**ISBN** : 978-9937-0-4912-2

**सर्वाधिकार** : मण्डला थिएटर नेपाल

---

यस पुस्तकको सर्वाधिकार सुरक्षित गरिएको छ । लेखक प्रकाशकको लिखित अनुमतिबिना यो पुस्तकको कुनै पनि अंश वा पुरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरूत्पादन, फोटोकपी वा प्रसारण गर्न पाइनेछैन ।

**प्रकाशन सहयोगी**

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

zfd Ziviler Friedensdienst
Civil Peace Service

# प्रक्रियाको बारेमा

सन् २०१५ यता मण्डला थिएटरले हरेक वर्ष बेपत्ताविरूद्धको अन्तर्राष्ट्रिय दिवसमा कार्यक्रम गर्दै आइरहेको छ । कलाकारहरू र अभियन्ताहरूद्वारा बेपत्ता नागरिकका परिवारसँग मिलेर आयोजना गरिने यस्तो कार्यक्रमअन्तर्गत बेपत्ता पारिएका नागरिकहरूलाई कलात्मक हिसावले सम्झन तथा उनीहरूप्रतिको सम्झनालाई सार्वजनिक रूपमा जीवन्त राख्न विविध कलात्मक गतिविधिहरूको आयोजना गरिने गरिएको छ । नेपालको दश वर्षे सशस्त्र द्वन्द्वमा १३०० भन्दा बढी नेपाली नागरिकहरू बेपत्ता पारिए जसको अवस्था अझै अज्ञात छ । बेपत्ता पारिएको व्यक्तिको जीवन या मृत्युको अनिश्चितता लगायतका कारणले गर्दा उक्त परिवारले विविध सामाजिक, आर्थिक र मानसिक तथा भावनात्मक चुनौतिहरूको सामना गरिरहेका छन् । टुंगो लगाउन नमिल्ने सम्झनाका खातहरू बोकेर बसेका परिवारजनले सत्यसम्म पुग्ने अवसर पाएका छैनन् । यी सम्झनाका खातहरूलाई एउटा साझा थलोमा ल्याउन र बेपत्ता नागरिक सम्बन्धी मुद्दाहरूमा आमजनसमुदायको अग्रसरता र ऐक्यवद्धताको निर्माण गर्न हाम्रो कार्यक्रमले प्रयास गरिरहेको छ ।

यसै सन्दर्भमा सन् २०१६ मा मण्डला थिएटर नेपालले बेपत्ता नागरिकहरूका परिवारहरूको भोगाई समेट्ने नाटक प्रदर्शन गर्दै बेपत्ताविरूद्धको दिवससम्बन्धि कार्यक्रम गर्ने निर्णय गर्‍यो । बेपत्ता पारिएका नागरिकका परिवारसँग कुराकानी तथा अर्न्तवार्ता गरेर एउटा नाटक तयार पार्नेमा सवैको सहमति जुट्यो । मण्डला थिएटर नेपालका राजन खतिवडा र सिजन दाहालले बेपत्ता परिवार राष्ट्रिय सञ्जाल र नागरिक शान्ति सहयोग कार्यक्रमका कर्मचारीहरूसँग मिलेर काठमाडौं उपत्यका वरीपरी रहनुभएका परिवारजनको घरघरमै पुगेर कुराकानी गर्नुभयो । उपत्यका

वरीपरी रहनुभएका पाँच परिवारसँगको कुराकानीपछि वहाँहरूका जीवन भोगाईलाई कथा बनाएर समेटियो । यसरी संकलन गरिएको कथाबाट नाट्य आलेख बनाउँदै कलाकारहरूको छनोट गरेर नाटक 'आधा सत्य' तयार गरियो । तयार पारिएको नाटक सवैभन्दा पहिले तिनै परिवारका सदस्यहरूलाई देखाइयो जसजसले हामीसँग कथा, भावना र अनुभूतिहरू बाँड्नुभएको थियो । वहाँहरूको सुझावपछि प्रदर्शनको अनुमति लिएर अगस्त ३० मा पहिलो मञ्चन गरियो ।

बेपत्ताविरूद्धको अन्तर्राष्ट्रिय दिवसका दिन मण्डला नाटकघरमा गरिएको पहिलो मञ्चनमा नाटकले उत्साहजनक प्रतिक्रिया पायो र बेपत्ता प्रभावित अन्य जिल्लामा नाटक लैजानुपर्ने धारणा परिवारहरूबाट आयो । सोही वर्ष अक्टोबरको दुई हप्ता मण्डलाको घुम्ती रंगमञ्च बस जुनकिरी नाटक 'आधा सत्य' बोकेर द्वन्द्वको समयमा सवैभन्दा बढी मानिसहरू वेपत्ता पारिएका नेपालका ३ जिल्लाहरू बर्दिया, दाङ र कैलाली पुग्यो । ती तीन जिल्लाका नौ स्थानहरूमा नाटक मञ्चन गरियो । घुम्ती नाट्य यात्राका क्रममा नाटकको संयोजन स्थानीय बेपत्ता परिवारका सदस्य तथा अभियन्ताहरूले गर्नुभएको थियो । पीडित परिवारका कठिन जीवनभोगाईका कुराहरूलाई नाटकले उठाएकोमा यो नाटकलाई सवै परिवार सदस्य तथा आमदर्शकहरूले रूचाउनुभएको थियो र थप केही प्रदर्शनका लागि आग्रह गरिएको थियो । वहाँहरूको माग र इच्छालाई सम्मान गर्दै यो नाटकलाई अझै धेरै ठाउँमा प्रदर्शन गर्ने चाहना हुँदाहुँदै पनि समय र श्रोतको अभावका कारण हामीले सकेनौं । त्यसैकारण हामीले यस नाटकलाई पुस्तकाकारमा छाप्ने निर्णय गरेका हौं ताकि जुनसुकै स्थानका नाट्य समुहले यसलाई नाटकको रूपमा निर्माण गरेर मञ्चन गर्न सक्नुहोस् ।

यो नाटकको निर्माण एउटा सामूहिक प्रक्रिया थियो जसले हामीलाई पछिसम्मका लागि धेरै सिकाइहरू दियो । सामाजिक, राजनैतिक र साँस्कृतिक हिसावले यो प्रक्रियामा सहभागी सवैप्रति हामी हार्दिक आभार प्रकट गर्दछौं र यो नाटकको पुस्तक वहाँहरूलाई समर्पित गर्दछौं ।

# प्रकाशकीय

मण्डला थिएटर नेपालको स्थापनापश्चात रंगमञ्चीय अभ्यासका क्रममा हामीले विविध किसिमका नाटकहरू गरिरहेका छौं । हाम्रा आफ्ना कथाहरू खोज्दै कहिले हाम्रो समय, शैली, शिल्प र चेतना माथि त कहिले बिदेशी नाटककारका नाटक अनुवाद र नेपालीकरण गरी हामी आफू र दर्शकबीचको समय अर्न्तसंवाद गरिरहेका छौँ ।

यसरी अहिलेको समयमा रचनात्मक संवाद गरिरहेको नाटक भोलिको समय सम्मलाई अभिलेख होस् भनी अथवा मञ्चसहित पुग्न नसकिको ठाउँमा पाठक मार्फत पुगौं भन्ने उद्देश्यले हामीले लेखिएका र मञ्चन गरिएका नाटकहरू प्रकाशन गर्ने सोच बनाएका छौं । त्यहि सोचको सुरूवात हो यो नाटक र आगामी दिनहरूमा पनि यसलाई निरन्तरता दिनेछौं ।

पुस्तक प्रकाशनमा सहयोग जुटाउने जीआइजेडको कार्यक्रम नागरिक शान्ति सेवा (जेडएफडी)प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**दयाहाङ राई**
अध्यक्ष
मण्डला थिएटर नेपाल

# लेखकीय

**राजन खतिवडा**
नाटककार/निर्देशक

आफूलाई कुनै विषयमा नाटक गर्न मन लाग्दा लेखक नभेट्नुको सास्ती अरूलाई सुनाउनुभन्दा आफैं प्रयास गर्नु उचित मानेर सन् २०१५ मा माथापञ्चर लेखे । त्यसपछिको अर्को वर्ष जिआइजेडका साथीहरूले बेपत्ता पारिएका नागरिकहरूको परिवारसम्बन्धी नाटक लेख्ने र निर्देशन गर्ने जिम्मा लगाए । यो जिम्मेवारी मेरालागि एउटा निम्तो वा अवसर मात्र थिएन, म बाँचेको समाजसँग मलाई जोडिराख्ने एउटा मियो पनि थियो । चुनौतीले घेर्नुअघि नै लेखनमा अभ्यास गरिरहेका सिजन दाहालको सहयात्रा पाएँ । प्रयास गर्न मन लाग्यो । जनयुद्धको मारमा पारिएका परिवारका सदस्यहरूको विषयमा लेख्नु कठिन काम हो । लाग्थ्यो– जीवनभरि नपुरिने घाउ बोकेका मानिसहरूको जीवनबारे कसरी नाटक लेख्ने ? जब प्रत्यक्ष अन्तर्वार्तामा आधारित नाटक लेख्ने प्रक्रिया अगाडि बढ्यो, वहाँहरूले आ–आफ्ना जीवन भोगाईका पाटाहरू भनिदिएर नाटकको स्वरूप बन्न सफल भयो । नाटक लेखनको श्रेय वहाँहरूलाई नै जान्छ ।

लेखन र निर्देशनको हिसाबले यो नाटक कथावाचनको शैलीमा बनेको छ । सामान्य तरिकाको मञ्चविधान, बहुउद्देश्यीय मञ्च सामग्रीहरू र सामान्य तरिकाले कथा बुझाउने गरी यो नाटकको निर्माण भएको छ । धेरै तामझाम नगरी कलाकारहरू मार्फत कथा बुझाउन कोशिस गरिएको छ । त्यसैले यसमा कलाकारहरूको महत्वपूर्ण भुमिका छ । नाटकका सम्पूर्ण कलाकार प्राविधिकहरू र यो नाटकलाई किताबको स्वरूप दिन साथ दिनुहुने सबै प्रति आभारी छु ।

**सिजन दाहाल**
सह–नाटककार/निर्देशन सहयोगी

यो नाटक लेखेर मञ्चन गरेको दुई वर्ष भएछ । पहिलो मञ्चन पश्चात नै मण्डलाका दाई दिदीहरू र रमेश अधिकारी सरले अभिलेखका लागि भए पनि यसलाई किताबको स्वरूप दिनु पर्छ भनेर सुझाव दिइरहनुभएको थियो । रचनात्मक सुझाव मेरालागि सृजनात्मक दवावजस्तो भइरह्यो । नाटकको किताबै छाप्ने आँट ममा अहिले पनि छैन ।

कति कुराहरू आफ्ना लागि लेखिन्छन् । कत्ति रहरले, आवश्यकताले, बाध्यताले वा महत्वकाङ्क्षाले पनि लेखिँदारहेछन् । जे होस्, राजन सरले यो नाटक लेख्ने प्रस्ताव गर्नुभयो । मेरो लागि अवसर बनिदियो । रिसर्चमा गएँ । बेपत्ता पारिएका नागरिकहरूका आफन्तसँग भेटघाट गरें । वहाँहरूसँगको भेट जति बाक्लिँदै गयो, यो नाटक लेख्न सक्छु भन्ने मेरो भ्रम उति नै तोडिंदै गयो । सँगसँगै हाम्रो जीवनकालमा वहाँहरूले भोग्नुपरेको नियति नजिकबाट बुझ्न पाएँ ।

हामी यो नाटक लिएर पश्चिमी जिल्लाहरू निस्कँदा थोरै नै भएपनि त्यो समुदायसँग दुःख साट्ने मौका पाएँ । यो चाहिं मेरो लागि महत्वको विषय बनिदियो । बितेको पन्ध्रबीस वर्षभित्रमा वहाँहरूले आफ्ना कुरा कति धेरै मिडियाहरूलाई, राजनीतिक दलका मान्छेहरूलाई, एनजीओ, आईएनजीओहरूलाई वा कति धेरै यस्ता संघसंस्थाहरूलाई र ठूलाबडाहरूलाई सुनाउनु भयो होला ? अनि वहाँहरूले खोज्नु भएको कुरा पाउनु भयो त ? अब फेरि म त्यही कुरा 'मलाई पनि सुनाउनु' भन्दै जाँदा कतिको उचित हुन्छ होला ? डरले सताइरह्यो । तर लेख्नु त थियो नै । हामी नाटक गर्छौं भन्दा वहाँहरूले आफ्ना धेरै आन्तरिक कुराहरू पनि हामीसँग 'सेयर' गर्नुभयो । हामीलाई विश्वास गर्नुभयो । तर, हामीले मञ्चन गरेको नाटकको आवाज कति जनाको कानसम्म पुग्यो ? थाहा छैन । जेहोस्, वहाँहरूले उठाउनु भएको आवाजलाई हाम्रो आवाजले समर्थन गर्ने प्रयास गरेका हौं – आधा सत्य ।

# अनुवादकको तर्फबाट

थियटरले जिन्दगीलाई नजिकबाट नियाल्न सघाउँछ, जीवनको रस पिउने अवसर दिन्छ । दुनियाँभरिका अहंकार र ईर्ष्याबाट आफूलाई 'डिटक्सिफाई' गर्ने माध्यम हो थिएटर । यो मेरो विचार हो । थिएटर नहुँदो हो त, यो शहरमा मेरो जीवनको इन्द्रेणीमा एउटा रंगको कमी हुने थियो । यो भागमभागको शहरमा शान्त शरण हो थियटर मेरा लागि । म थियटर वरिपरि र कलाकार छेउछाउ रहँदा आनन्दको उत्कर्षमा पुगेको हुन्छु, त्यसैत्यसै लठ्याउँछ तिनको संगतले ।

त्यसैले थियटरसँग जोडिने कुनै पनि काम आयो भने म खुशीसाथ तयार हुन्छु । राजन र सिजनले लेखेको यस नाटकलाई उल्था गर्ने दुस्साहस गर्न म तयार भएको कारण पनि यही हो ।

नेपाली समाजले भोग्नुपरेको एउटा त्रासदीपूर्ण कालखण्डलाई यस नाटकमा सम्झिन खोजिएको छ । आफैँले पनि भोगेकोले होला, पढ्दै जाँदा मन भारी भयो । नेपाली समाजले भोग्नु परेको दुःस्वप्नलाई थियटरमार्फत अभिलेखिकरण गरेकामा राजन र सिजनलाई धेरै धन्यवाद ।

संसारभरिका थियटर जिन्दावाद ।

**विप्लव प्रतीक**
कवि/गीतकार/उपन्यासकार

# परिवारको तर्फबाट

मेरो बुवा बेपत्ता पारिएपछिको पीडा म र मेरो परिवारले मात्र भोग्यौ । थोरै मात्र मान्छेले हामीलाई परेको पीडा र हामीले भोग्दै आएको कठिनाइको बिषयमा थाहा पाएका थिए । तीमध्ये पनि निक्कै कम मानिसहरू मात्र हाम्रा कथाहरू सुन्न तयार हुन्थे । जसले द्धन्द्धका बेला प्रत्यक्ष रूपमा प्रभावित हुनुपरेन तिनका लागि 'बिगतका कुरा बितेर गए' जस्तो होला तर हाम्रो लागि त्यो बिगत अहिलेसम्म निरन्तरता पाइरहेको हाम्रो पीडा र कठिनाइको श्रोत हो । नाटक 'आधा सत्य'ले हाम्रा भोगाइ र कथाहरूलाई बृहत जनमानससम्म पुऱ्याउन मद्दत गऱ्यो । नाटकको प्रक्रियामा सहभागी गराएर मण्डला थिएटरले हाम्रा गुम्सेका भावनाहरूलाई बाहिर निकालेर बोल्न प्रेरित गरेको छ । त्यसअर्थमा मण्डला थिएटर 'आवाज बिहनिको आवाज' बन्यो । जसजसले यो नाटक हेर्नुभयो वा अब पढ्नुहुने छ, वहाँहरूले पक्कै पनि अनुभव गर्नुहुनेछ कि बेपत्ता नागरिकको विषय इतिहासको श्रृंखलाको एक अंश मात्र थिएन, यसले त आजका दिनसम्म पनि सयौं परिवारहरूलाई रूवाइराखेको छ र समग्र देशलाई नै असर गर्दैछ ।

यो नाटकको माध्यमबाट मलाई मजस्तै पीडा भोगेका अन्य परिवारका सदस्यहरूसंग पनि जोडिने मौका जुरायो । मेरो जीवनभोगाइ पनि यस्तो सशक्त माध्यमबाट धेरै मान्छेसम्म पुग्ला भनेर मैले कहिल्यै पनि सोचेकी थिइन । त्यसका लागि म मण्डला थिएटर, नाटकका लेखक र कलाकार हरूलाई धन्यवाद दिन चाहान्छु । बिगतलाई बिर्सने हैन बरू त्यसबाट पाठ सिकेर उन्नत भविष्यको निर्माण गरौं ।

**नग्मा माली**
बेपत्ता परिवार सदस्य

## मञ्चमा

**मनुः** प्रकाश गन्धर्व

**सुनकुमारीः** रन्जना ओली

**सुत्रधारः** जीवन भट्टराई

**जुनाः** विजया कार्की

**जुनाकी छोरी/रूपाकी बहिनीः** बिनिता गुरूङ

**निलकुमारीको बुबाः** इँगिहोपो कोइँच सुनुवार

**जुनाको छोरो/सरकारी कर्मचारीः** रोहित पौडेल

**जुनाको श्रीमान/रूपाको बुबा/रूपाको शिक्षकः** शक्ति राई

**निलकुमारीः** निलकुमारी चौधरी

**सिर्जना/रूपाकी हजुरामाः** सिर्जना सुब्बा

**सिपाहीः** उमेश तामाङ्ग

**रूपाः** आकांक्षा कार्की

## नेपथ्यमा

**मञ्च सामाग्रीः** शक्ति राई, जीवन भट्टराई र बिनिता गुरूङ

**भेषभुषाः** आकांक्षा कार्की र विजया कार्की

**प्रकाश परिकल्पनाः** उमेश तामाङ

**प्राविधिक सहयोगीः** अनिल कार्की र सुरेश कार्की

**सङ्गीतः** निमिश कट्टेल

**कविताः** तीर्थ श्रेष्ठ र सौरभ कार्की

**पोष्टर/विवरण पुस्तिकाः** इँगिहोपो कोइँच सुनुवार र सिजन दाहाल

**नाट्य आलेखः** राजन खतिवडा र सिजन दाहाल

**निर्देशन सहयोगीः** सिजन दाहाल

**परिकल्पना तथा निर्देशनः** राजन खतिवडा

# हार्दिक आभार

जिआइजेड– नागरिक शान्ति सेवा, रामकुमार भण्डारी, भागीराम चौधरी, मायाराम चौधरी, सरिता थापा, निरञ्जन चौधरी, प्रेम बयक, सुशीला चौधरी, नग्मा माली, एकराज वाग्ले, पेशलकुमारी वाग्ले, शोभा भट्ट, जानकी चौधरी, जुलिया स्याारिङ्गर, सोमनाथ खनाल, रमेश अधिकारी, रुथ मार्सडेन, भक्त जिसी, राकेश डङ्गोल, नवराज पराजुली, मौसम बराल, सुरज सुबेदी, बेपत्ता परिवार राष्ट्रिय सञ्जाल (नेफाड), द्वन्द्वपीडित साझा चौतारी (सीभीसीपी बर्दिया) र मण्डला थिएटरका छिमेकीहरू ।

## पात्रहरू

| | |
|---|---|
| मनु | : २८ वर्ष (पुरूष) |
| सुनकुमारी (मनुको श्रीमती) | : २२ वर्ष (स्त्री) |
| जुना | : ३७ वर्ष (स्त्री) |
| जुनाकी छोरी | : २६ वर्ष (स्त्री) |
| जुनाको छोरा | : १८ वर्ष (पुरूष) |
| जुनाको श्रीमान | : ४० वर्ष (पुरूष) |
| निलकुमारी | : २४ वर्ष (स्त्री) |
| निलकुमारीको बुबा | : ७० वर्ष (पुरूष) |
| निलकुमारीलाई माग्न आउने केटा र उसको बुबा | : २७ वर्ष र ५५ वर्ष (पुरूषहरू) |
| सिर्जना | : २७ वर्ष (स्त्री) |
| सिपाही | : ३० वर्ष (पुरूष) |
| रूपा | : २२ वर्ष (स्त्री) |
| सरकारी कर्मचारी | : ४५ वर्ष (पुरूष) |
| जगतबहादुर (रूपाको बाबा) | : ३५ वर्ष (पुरूष) |
| रूपाकी बहिनी | : १५ वर्ष (स्त्री) |
| रूपाकी हजुरामा | : ८० वर्ष (स्त्री) |
| श्याम लामा (रूपाको शिक्षक) र पत्रकार (सुत्रधार) | : ३५ वर्ष (पुरूष) |

**मञ्च अन्धकार छ । बिस्तारै मञ्चमा प्रकाश छाउँदै जान्छ र एउटा चिया पसल देखिन्छ । पसलमा बसेका मान्छेहरू चिनिँदैनन् । नेपथ्यबाट "काफल पाक्यो, काफल पाक्यो" भनेर कोइलीको आवाज आइरहेको छ ।**

**(दुईवटा झ्याल र एउटा ढोका जस्तो देखिने फलामको फ्रेमले चिया पसल बनाइएको छ । दृश्यहरू परिवर्तनसँगैसँगै यसको स्वरूप परिवर्तन भएर घर, बस, सरकारी कार्यालय, विद्यालय बनाइनेछ ।)**

**कपडाको पोको र एउटा काठको बाकस जस्तो देखिने झोला, त्यसमाथि काठको डण्डामा सिल्वेट तस्विर झुण्डिएको गह्लुङ्गो भारी सुनकुमारीले बोकेकी छिन् । उनी गीत गाउँदै दर्शकदीर्घाबाट सुस्तरी मञ्चमा प्रवेश गर्छिन् । उनका श्रीमान् मनु उनलाई रोक्न खोज्दै पछिपछि आउँछन् । मनुले पनि ढाडमा गह्लुङ्गो भारी बोकेको छ र उसको घाँटीमा सारङ्गी झुण्डिएको छ ।**

**सुनकुमारी : (गीत गाउँछिन् मध्य पश्चिमेली भाकामा)**

*कैले पाउन्या होला माया,*
*भागी जान्या आफ्नै छायाँ*
*मै मोरीकी करिम......*
*दैलेख देउता कोहि गया*
*रात गेडी भुइँभरी भई गया*
*मै मोरीकी करिम.......*

**मनु** : ए बुढी यत्तिका विधी मान्छे रैछन् याँ त, चुप चुप चुप चुप । तिम्लाइ चै ठाउँ न कुठाउँ आफ्नो थुतुनो बजाइ हाल्नु पर्छ हैन ?

**सुनकुमारी : (सुनकुमारी रोकिन्छे)** हैन मैले चैँ यसो मनको बह पोख्नै नपाउनु भनेको ?

मनु : **(मनु आएकै बाटो फर्किन खोज्छ)** भो भो नकराऊ धेरै, बाठी हुनु पर्ने ! कहाँ हो, के हो, कस्ता मान्छे हुन्, जान्नु सुन्नु छैन सरासर पस्यो ...

सुनकुमारी : **(चिया पसल भित्र प्रवेश गर्न खोज्छे, खिस्स हाँस्दै)** के गर्छौ त प्यारा ? नआउनु थियो आइहालैँ, नगाउनुथ्यो गाइहालैँ ...

मनु : **(अलि रिसाउँछ)** सबै मान्छेहरूका आआफ्ना दुखेसा हुन्छन्, तिम्रा गन्गन् सुन्नलाई जम्मा भका हैनन्, यो शहर हो ।

**सुनकुमारी मञ्चमा प्रवेश गर्छे र दर्शकहरूसँग एक्लै गफिन थाल्छे ।**

सुनकुमारी : ए हजुर, एउटा कुरो सुनाउँछु र एउटा कुरो सोध्छु पनि है...

**कोइली फेरि घुम्दै "काफल पाक्यो, काफल पाक्यो" भन्दै आउँछन् । चराको आवाज सुनेर मनु पनि मञ्चमा अप्ठ्यारो मान्दै आउँछ ।**

ए बुढो यिनिहरूले पनि आफ्नालाई फेला पाऱ्या रैनछन् हगि ?

मनु : अँ... यिनका बा काफल पाक्ने बेलामा फर्किन्छु भनेर घर छोडेर हिंड्या रे । अझ फर्केका छैनन् र यिनीहरूले खोजी हिंड्न छोड्या पनि छैनन् ।

**सुनकुमारी कोइलीको आवाज आएतिर हेर्दै टोलाउन थाल्छे र गीत गाउँछे ।**

सुनकुमारी : दैलेख देउता कोहि गया

रात गेडी भुइँभरी भई गया

मै मोरीकी करिम...

मनु : **(सुनकुमारीलाई तान्छ)** ल जाम् हिंड ।

सुनकुमारी : जान्न, हाम्रा बा पनि यै भिडमा कतै मिस्या छन् कि ? तिनले हाम्लाई नचिने नि हाम्ले तिनलाई नचिने नि, हाम्रा भाका र सारङ्गीलाई त ठम्याउलान् नि ? **(मनु र सुनकुमारी एकछिन मौन रहन्छन् ।)**

नभए यत्रा बिधि आका मान्छेहरूले देखेका नि त हुनसक्छन् ?

**मनु** : नाप्यौ... खुरूक्क हिंड । उता साथीहरू कता पुगिसके ...

**सुनकुमारी** : सोध्दैमा के नै पो जान्छ र ? कतै केहि पत्तो लाइ हाल्छ कि ?

**मनु** : हुन त हो । तिम्रा कुरा नि ठीकै हुन् । तर सोधेर के पार लाग्ला र खै ?

**सुनकुमारी** : अब त ससुरा बाउ नि बुढो भए हालान् है ? चिन्नु पो कसरी ?

**मनु** : बुढो भए नि जवान भए नि आफ्नो बाऊ देख्दा कसो नचिनिँदो हो ?

खै के जानम्, बाउले नि मलाई नै खोजिरा छन् कि ?

**सुनकुमारी** : खै मैले त फोटाँ बाहेक देख्या हैन केरे ?

ए साँच्चि तिम्लाई नि चिन्दैनन् होला नि तिम्रा बाले । बालाई लग्या बेलाँ सानै थ्यौ भन्या हैन ?

**मनु** : हो हुनलाई त, कतै बाले सानैको म सम्भेर एक्लै हिड्ने सानासाना केटाहरू पो खोज्दै छन् कि... ? बालाई के था, मैले तिमीसँग ब्या अऱ्या कुरा...

**सुनकुमारी** : त्यै भ र त म बाको भाका गाउँछु । तिमी बाले छाडेर गको सारङ्गी बजाउ भनेको ।

**मनु** : **(सारंगी मिलाउँदै)** लु भो भो... कसैले भर्को माने भने तिम्रै थाप्लाँ थुपार्छु ।

**सुनकुमारी** : मागे देशै पाइन्छ भन्थे उ जमानामा, एउटो गीत त गाउन पाइएला नि । **(दर्शकसँग)** हैन हजुर ?

**मनु सारङ्गीमा गीत गाउन सुरसार गर्दै दर्शकहरूलाई सम्बोधन गर्छ ।**

**मनु** : कुन पो गीत गाऊँ हजुर... देशको गीत गाम् कि भेषको गीत गाम् ? कि सारङ्गीको गीत गाम् ?

*पिउन मिठी मेरो हजुर गाउँ घरको पानी*
*नसुनाऊँ मनको व्यथा सुनाउँ जुग जानी*
*कमाउन जाने भन्थे लाहुरको देश*
*रात दिन नहुँदैमा फेरि जाने भेष*

*भेष बहुरङ्गी रैछ सानो सानो देश*
*देशका राजा बहुलठ्ठी कोरिरहने केश*
*भाइभारदार भित्रभित्र भयो मारामारी*
*मुसुमुसु हाँसी हिड्ने बाहिर देख्दा खेरी*

*गडगडायो चारै दिशा चल्यो आँधी हुरी*
*कोइका पेटमा गोली पस्यो कोईका पेटमा छुरी*
*केटाकेटी लालाबाला चल्यो रूवाबासी*
*बुढापाका थला परे नपुग्दैमा अस्सी*

*छोप्यो हजुर अँध्यारोले वरिपरि सारा*
*बास सरे सहरमा सबै वनका चरा*
*छाडि जाने गइगए कुर्नेलाई सास्ती*
*मनको तार रेटेकै छु आउने आशमा बसी*

**मनु र सुनकुमारी गीत गाउँदै नेपथ्यतिर जान्छन् ।**

**मञ्चमा सुत्रधार प्रवेश गर्छ । उसको हातमा एउटा पत्रिका छ । सुत्रधार दर्शकहरूलाई सम्बोधन गर्न थाल्छ ।**

**सुत्रधार** : आजको पत्रिका पढ्नु भो ? ककसले पढ्नु भो, ककसले पढ्नु भएन ? नपढ्नु भएको भए नि केही छैन । **(थोरै उत्साहित भएर हातको पत्रिका देखाउँदै)** यसमा एउटा लेख छापिएको छ त्यो लेख तपाईंहरूलाई सुनाउन मन छ ।

ए, ए माफ गर्नु होला है । मैले आफ्नो बारेमा त भन्नै बिर्सेछु । म पत्रकारिताको विद्यार्थी । स्ट्रगलिङ फेजमा छु । तपाईं हाम्रै भोगाईलाई लेख्ने कोशिश गरिरहन्छु । तर मेरा लेखहरूले कमै मात्र ठाउँ पाउँछन् । यसपटक भने छापिएछ ।

मेरो निम्ति चैं यो लेख विशेष छ, हरेक हिसाबले । अँ भनौं न, कसैलाई मेरो तर्फबाट पुग्न सक्ने सहयोग, एउटा नागरिकको सामाजिक उत्तरदायित्व अनि एउटा लेखले त्यो लेखकलाई यो भीडमा उभ्याउन सक्ने सम्भावना, यीनै कुराले यो मेरो लागि एकदमै महत्वपूर्ण थियो । तर छाप्ने बेलामा धेरै कुरा काटिदिएछन्- माथिकाले । हुन त कसैलाई महत्वपूर्ण लागेको कुरा सबैलाई विशेष हुनु पर्छ भन्ने छैन । । जे होस्, म तपाईहरूलाई यो लेख सुनाउँछु र ती चरित्रहरूसँग भेट पनि गराउँछु ।

**(पत्रिका पढ्न थाल्छ)** केही दिन अघि म सिंहदरबार पूर्वीगेट अनामनगरको पराजुली चिया पसलमा चिया पिउँदै बसिरहेको थिएँ । भर्खरै पानी पर्न थालेको थियो र आकाश धमिलो थियो । त्यही बेला गह्रुङ्गो भारी बोकेका केही मान्छेहरू चिया पसलमा हतारिंदै छिरे । देख्दै थाहा हुन्थ्यो उनीहरूको पिठ्यूँको भारी भन्दा मनको भारी बढी गह्रुङ्गो छ । उनीहरूले थाकेको मुस्कान सहित सिंहदरबार छिर्ने बाटो सोधे । मैले जवाफ दिएपछि पनि उनीहरू गएनन्, अप्ठ्यारो मान्दै उभिरहे । बाहिर पानी परेकोले उनीहरू हिंडिहाल्न सक्दैनथिए । मैले बस्न अनुरोध गरें । चिया पसलेले चिया पिउनुहुन्छ भनी सोध्दा अनकनाउँदै स्वीकृतिको मुन्टो हल्लाए । चिया नआउन्जेलसम्म मैले उनीहरूको खासखुस सुनिरहें । उनीहरूको मधूरो स्वरमा गरेको कुराकानीले मेरो चासो झन् बढ्यो । केही सोधीखोजी गरें । नेपालको पश्चिमी भागबाट लामो यात्रा गरेर आएका रहेछन् । उनीहरूको यो

यात्रा साधारण यात्रा मात्र रहेनछ । अँ यो यात्रा थियो, खोजको ।

केही बेरमा उनीहरूको चिया पनि आइपुग्यो । मैले आफूलाई सकेसम्म सन्तुलनमा राख्ने प्रयास गरेर केही प्रश्न सोधेँ । एकछिनको कुराकानीपछि मेरो उनीहरूसँग एक प्रकारको सम्बन्ध बन्यो र उनीहरूले चिया पिउन्जेलसम्म आफ्ना कुरा यसरी सुनाए ।

**बिस्तारै प्रकाश निभ्छ । नेपथ्यबाट मधूरो संगीत बज्न थाल्छ ।**

**मञ्चको दाहिनेपट्टि एउटा घर छ । मनु र सुनकुमारी त्यो घरको अघिल्तिर पुग्छन् । घरभित्रको रूवाबासीले अचम्मित बनाउँछ । घरको ढोका आधा खुल्ला छ । बिस्तारै भारी बिसाउँछन् । छेऊमा बस्छन् । झ्यालको पर्दा हल्लिन्छ । जुना (अधबैंशे महिला) झ्याल नजिक आउँछिन् । बाहिर हेर्छिन । फेरि ढोका छेऊ आउँछिन् । घरभित्रबाट हतारिंदै पीडा मिश्रित मुस्कानका साथ जुना आँगनमा निस्किन्छिन् । ऊनकी छोरी पनि पछिपछि आउँछिन् । खुशीले छोरीलाई दुवै हातमा समातेर घुमाउँछिन् । एकैछिन घुमाए पछि रोकिन्छिन् । जुना एकाएक टोलाउन थाल्छिन् ।**

**जुना** : हिजो तिमी मसँग गुन्द्रीमा बसेर मलाई सम्झाउँदै थियौ । "किन आत्तिएकी ? म आएँ त ।" तर, तिमी हुनुको न्यानोपन समाउन नपाउँदै तिमी अल्पियौ । हेर त तिमी आज आएको भए यो खुशीको आँसुले नुहाईदिन्थे । तिम्री छोरीले आज संसार जिती । एम ए पास गरि ।

तर, यो जित मैले मात्र एकलौटी गर्नुको के अर्थ भयो र ? यो खुशीको आँसुको नुनिलो स्वाद मैले मात्र चाख्नुको के अर्थ भयो र ? तिम्रा ती हात यिनरको काँधाँ पर्न पाएको भए यो जितको अर्थ कति ठूलो हुँदो हो ।

**जुना खुशीले सर्टिफिकेटका कागजहरू माथि माथि उडाउँछे र भुइँमा झरेको पानाहरू टिप्छे । अन्तिमको पाना टिप्ने बेलामा छोरीले उसको काँधमा हात राखिदिन्छे । आमा छक्क पर्छे ।**

**मनुः** बुढी आज भने चै गतिलो ठाम्मा बास पाइने भो जस्तो छ, यहाँका मान्छेहरू बेस्मारी खुशी देखिन्छन् ।

**सुनकुमारी :** उसो भए गीत गाइदिम् न त ।

**सारङ्गी मिलाउन थाल्छ । छोरी आमालाई सम्झाइरहन्छे । आमाका आँखाबाट आँसु झर्छन् । सारङ्गी बज्छ । आमा छोरीले पनि उनीहरूलाई देख्छन् ।**

**छोरी** : कसलाई खोज्नु भो ?

**मनु** : साँझ पऱ्यो हजुर, बास मिल्थ्यो कि भनेर ।

**सुनकुमारी** : यसो ओत लाग्ने ठाउँ मात्र भए नि हुन्छ हजुर ।

**जुना** : अब त पहिला जस्तो डरमर्दो समय छैन केरे । एक रात मुढा जसरी लड्नलाई के नमिल्दो हो ?

काँ देखि हो ? काँ सम्म पुग्नु पर्ने हो कुन्नि ?

**सुनकुमारी** : आउने र पुग्नेको के ठेगान हजुर ?

शहर हिंडेका, आउँदाआउँदै अबेर भइगो ।

**जुना** : ठूलै काम पऱ्यो कि शहर जानै पर्ने, यत्रो भारी बोक्नु भाछ ।

**मनु** : अँ त्यस्तै हो दिदी, हामी त हाम्रा बा खोज्दैखोज्दै हिड्या हौं शहरतिर ।

**जुना** : कुन शहरमा हुनुहुन्छ र तपाईंहरूका बा ?

**सुनकुमारी** : अब यै भन्ने जान्या भए त क्यार्न खोज्नु पर्थ्यो र ।

**जुना** अनि शहर मै हुनुन्छ भन्ने चै के छ र ?

**मनु** : म सानै हुँदा, २ ३ जना बन्दुक बोक्या मान्छे आथे, पाँच सात दिन काठमाडौंमा राखेर पठाइदिन्छम् भन्थे केरे । ल्याइदेलान् कि भन्दै बाटो हेऱ्या १२ बर्ष भइसक्यो, न बा नै आए न खबरै आयो । त्यै भेर आफैं खोज्न शहर हिंड्या ।

**छोरी** : भाई एक अम्खरा पानीले त । **(छोरीले गुन्द्री ओछ्याउँछे)**

**जुना** : आउनुस् बसम् यतै । **(गुन्द्रीमा बस्छन् ।)**

अनि काँ खोज्नु नि त्यत्रो शहरमा ?

**सुनकुमारी :** **(मनुलाई देखाउँदै)** उहाँका मितले खोज्न सघाउँछु भन्नु भाछ । अहिले के के जाती संस्थाहरूले पनि खोज्न सघाउँछन् रे ।

**छोराले एक अम्खोरा पानी ल्याइपुऱ्याउँछ र सुनकुमारीलाई दिन्छ ।**

**मनु** : अनि तपाईहरू चैं कोको हुनुन्छ नि घराँ ?

**जुना** : छोरा, छोरी र म... आज यी यसले एमए पास गरि ।

**मनु** : उसो भए त बेस्सरी खुशी लाग्या होला नि है ?

**जुना** : **(पीडा मिश्रीत)** अँ भाई बेस्मारी खुशी लाग्या छ । **(सुँकसुँकाउन थाल्छे ।)**

**सुनकुमारी :** **(अलि नजिक जाँदै सिलाजितको सानो पोका दिन्छे)**

दिदी यो राख्नुस् । थोरै शिलाजित छ । ओखती हुन्छ ।

**(जुना सुँकसुँकाएको देख्छे ।)**

के भयो दिदी ? आज यत्रो खुशीको दिन, क्यार्न रून्छ्यौ ?

**जुना** : दुखको पहाड उभिएको ठाउँमा, खुशीको जत्रै ठूलो समुद्र आए नि के अर्थ रहँदो रैछ र ? **(सुनकुमारी र मनु छक्क पर्छन्, मुखामुख गर्छन् ।)** घरमा यस्तो खुशी आको बेलामा पनि हर्षले रमाउन सक्दिनँ, क्यारूम ।

**सुनकुमारी :** मनको बह, कसैलाई नकह भन्छन् । गुम्साएर राख्नुको पनि के अर्थ र ?

**मनु** : तिम्लाई क्यार्न जान्ने हुनु पऱ्या ? **(इशारा गर्छ)**

**जुना** : यो दश वर्ष सम्म मैले कसैलाई भन्या छैन । तपाईंहरू पनि मेरो जस्तै व्यथा बोकेर हिंड्नु भा रैछ ।

तपाईंहरूका बालाई जस्तै यीनरका बालाई नि बेपत्ता पारेका १३ वर्ष भयो । अहिलेसम्म आफ्नो पीडा किन अरूलाई सुनाउनु भन्दै चुपचाप बसिराथें । फर्किने बाटो हेर्दा हेर्दा

आँखा थाकिसके तर उहाँ फर्किने मेसो देख्तिन । लुकाएर राख्न कहिलेसम्म पो सजिलो हुँदो हो र ? तैपनि सकेसम्म छरछिमेकी, साथीभाई, आफन्त सबलाई ढाँटिरहेँ ।

**(बसेको ठाउँबाट उठेर अल अगाडि आउँछे र दर्शकहरूलाई)** उहाँलाई मासु खान खुब मन पर्थ्यो । घरमा मासु पाक्ने दिन हामी सँगै मिलेर खाना बनाउँथ्यौ । त्यो दिन पनि कराईमा मासु छड्किँदै थ्यो ।

**जुनाले भनिरहेको कुरा दृश्यमा देखिन थाल्छ । आवाज जुनाको आइरहन्छ ।**

हातगोडा धुन एक अम्खोरा पानी लिएर बाहिर निस्कदा घरमा एक जना उहाँकै साथी आएर खबर दियो, खोलाको छेऊमा साथीहरूले बोलाएका छन् भनेर । मलाई शंका लाग्यो । **(श्रीमान आएर अम्खोरा हातमा थमाइदिन्छ ।)** वहाँले अम्खोरा मेरो हातमा थमाइदिनु भयो ।

**जुना** : पाक्या खाना छाडेर क्यार्न निस्किनु पऱ्यो ?

**श्रीमान** : तरकारी पाकुन्जेल आइपुगिहाल्छु नि ।

**जुना** : नजानु भन्या, कहिलेकाहीँ त अर्काले भन्या नि मान्नु नि । को हुन् ? के हुन् ? किन बोलाका हुन् ?

**श्रीमान** : जो भए नि के भो र ? मैले कसैको केहि बिगार अऱ्या छैन केरे ? बुझ्लान् नि उनरले पनि !

**श्रीमान जान्छ ।**

**जुना** : **(दर्शकहरूसँग)** पाकेको खाना छोडर निस्किनु भको । मेरो मनले थाम्नै सकेन र म पछ्याउँदै खोलाको किनारसम्म पुगेँ । तर त्यतिन्जेल उनीहरू मेरा आँखाबाट हराईसकेका थे ।

त्यो दिन डढेको मासुको कराई र मेरो मन एकै भएकोछ । धेरै पटक खोलाको किनारमा बसेर पारीपट्टि हेरिरहेँ । खोला

बगिरह्यो । म जमिरहें । सम्चारमा पो भन्छ कि भनेर सँधै रेडियो खोलेर राखें । उहाँको सम्चार त परै जाओस्, उल्टै उहाँलाई लैजाने मान्छेहरूलाई पुरस्कार दिएको समाचार आइरह्यो । त्यही दिन देखि बन्द गरेको रेडियो ऐले सम्म खोल्या छैन । सँधै सानै लागे नि छोरछोरीहरू अब आ–आफ्नो बाटो समाउन सक्ने भइसके । जब जब ऐना अगाडि उभिएर मेरो सिउँदोमा सिन्दुर लाउन खोज्छु, त्यतिखेर म मरे तुल्य हुन्छु । यस्तो लाग्छ, म ब्यर्थै बाँचिराछु । मर्न नि नसकिँदो रैछ ।

**सुनकुमारी :** दिदी क्यार्न पीर अर्छौ, कुनै दिन त दाजु फर्केर आइहाल्छन् नि । त्यो दिन तिमीले धानेको जीवनको अर्थ रहन्छ ।

**जुना :** खै ?

**(कुकुर कराएको र कीराहरू कराएको आवाज आउँछ)**

रात छिप्पियो, भित्रै जाम् होला ।

**प्रकाश निभ्छ ।**

**बिहानको वातावरण**

**मनु र सुनकुमारी आफ्नो पोको पन्तुरो बोकेर यात्राको लागि हिंड्ने तयारी गर्छन् । धन्यवाद साटासाट गर्छन् ।**

**मनु :** मिलेसम्म त सँगै जान पाए हुन्थ्यो ।

**जुना :** जान त मलाई नि मन छ तपाईंहरूसँग, तर छोरछोरीहरूलाई यो हालतमा एक्लै छोडेर जान सक्दिन ।

बुबाको पत्तो लायो वा लिएर फर्किनु भो भने, यहि बाटो हो, एक फेर पसेर मात्र जानु होला है ।

**सुनकुमारी :** हुन्छ दिदी हामी बाटो लाग्छौं ऐले ।

**(सुनकुमारी हिड्न खोज्छे र फेरि केही सम्भिन्छे)** मिल्छ भने सँगै जाम् ।

**जुना** : मन भए नि जान सक्दिन । तपाईंहरू जानोस् ।

**जुना टोलाएर उभिरहन्छिन् । मञ्चको पछाडिको भित्तामा उनको प्रतिमूर्ति देखिन थाल्छ । छायाँमा देखिएका जुनाको प्रतिमूर्तिहरू जोड जोडले कुरा गर्न थाल्छन् जुनासँग ।**

**छायाँ १** : छोरछोरीहरू त अब हुर्किसके । आफै केही गर्न सक्ने भइसके । तँ नि जा ।

**जुना** : नाँइ म जान सक्दिनँ । घरको मूल मान्छे नहुनुको पीडा मलाई मात्र थाछ । फेरि अर्को पीडाको भारी यीनरलाई बोकाउन चाहान्नँ म ।

**छायाँ २** : तँ जा । तँ आफ्नै लागि भए नि जानै पर्छ । कमसेकम उत्तर मात्र पाइस् भने तँलाई नै ढुक्क हुन्छ ।

**जुना** ढुक्क त म जहाँ गए नि हुन सक्दिनँ । फेरि यीनीहरूका बाउ नि ढुक्क भएरै त हिंड्या थे ।

**छायाँ ३** : के उसो भए यी छोरछोरीहरूले भोलिका दिनमा आफ्नो बाऊका बारेमा सोध्दा सहि उत्तर दिन सक्छेस् ?

**जुना** : नाइँ, सक्दिनँ, म सक्दिनँ । म कुनै उत्तर दिन सक्दिनँ र जान पनि सक्दिनँ ।

**छायाँ १** : अरू केहि दिन नसए नि कमसेकम जवाफ त दिन सक्छेस् । तँसँग भन्ने अरू केही कुरा त हुन्छन् । आफ्नै लागि भए नि तँ जा.....

**छायाँ २ र ३**: **(जोड जोडले कराउन थाल्छन् )** जा, तँ जा... तैंले जानुपर्छ, तँ जा... जा... जा... जा... जा...।

**प्रकाश निभ्छ**

**मञ्चमा बिस्तारो प्रकाश परेसँगै सुनकुमारी, मनु र जुना तीनै जना यात्रामा हिंडिरहेको देखिन्छ । तीनै जनाले आआफ्ना सरसामाग्री बोकेका छन् । नेपथ्यमा संगीत बजिरहेको छ । एकैछिन पछि उनीहरूको यात्रामा अगाडिपट्टिबाट कालो सादा पोशाकमा मार्चपार्सको टोली चर्को शंख सहित गीत गाउँदै आउँछन् र बाटो छेक्छन् ।**

**मार्चपास टोली**

*आकाशै बाँधौ, पातलै बाँधौ*
*खाई खेली हिड्ने डुली हिड्ने पिचासै बाँधौ*
*पूर्वै बाँधौ पश्चिमै बाँधौ*
*उत्तरै बाँधौ, दक्षिणै बाँधौ*

**मार्चपास टोली** : हामी तपाईंहरूको समस्या बुझ्न सक्छौं । तपाईंहरूलाई चोट पर्नु भनेको त हामीलाई नै दुखेजस्तो हुनु हो । तपाईहरू दुःख नगर्नुहोस् ।

**मनु** : आफ्नो चोट आफैंलाई दुख्छ हजुर, अरूलाई त कसरी दुखेको छ भनेर अन्दाजै पनि हुन्न ।

**मार्चपास टोली** : अब चाँडै हाम्रो नयाँ सरकार आउनेछ र तपाईहरूको समस्याको सुनुवाई हुनेछ । विश्वास गर्नुस् । सबै सत्यहरू बाहिर ल्याउँछौ हामी ।

**मनु** : हामीलाई नयाँ सरकार आउनु नआउनुसँग मतलब छैन । हाम्रा मान्छे आउनु पऱ्यो । हामीलाई आश हैन सास चाहिएको छ ।

**मनु, सुनकुमारी र जुनाले मार्चपासको कुरालाई बेवास्ता गरिदिन्छन् र उनीहरू मार्चपासकै बीचबाट अगाडि बढ्छन् । उनीहरूको यात्रा पहाडबाट**

**मधेस आइपुगेको देखिन्छ । तीनै जना यात्रा गर्दा गर्दै एउटा चौतारो छेऊ पुग्छन् । नेपथ्यबाट कसैले गीत गाएको सुनिन्छ ।**

## गीत

*मुरियाला हाना गएनु, बाबाके सगराबा रे हा*
*मुरियाला हाना गएनु, बाबाके सगराबा रे हा*
*(मुरियाला हाना गएनु)२*
*(मुरियाला हाना गएनु)२*
*सखिए हो... सिन्दुर छुटेर पनिघट*
*सखिए हो... सिन्दुर छुटेर पनिघट*

**जुना** : साह्रै तिर्खा लाग्यो बाई ।

**सुनकुमारी** : अलि पर कतै पाइएला नि पानी । एक छिन यतै थकाई मारौँ ।

**कोइलीको आवाज फेरि आउँछ । सबैजनाले चरा तिर हेर्छन् । त्यतिकैमा घैलामा पानी बोकेकी युवती गीत गुनगुनाउँदै आउँछिन् ।**

**मनु** : बैनी, पानी खान पाइन्छ होला ?

**निलकुमारी** : **(दर्शकसँग)** पानी माग्नु भयो, कसरी नदिनु ? तर यो पानी देउतालाई चढाउन ल्याएको हुँ । मेरो दाजु फर्केर आउन् भन्ने कामना गर्दै हरेक दिन बबई खोलाबाट एक घैला पानी ल्याएर पीपलको बिरूवामा चढाउँछु । कसरी दिउँ ?

हैन हैन तिर्खाएको मान्छेलाई म पानी पनि दिन सक्दिन ? छि, पापीनी । पीपलमा चढाउन त म अर्को पानी फेरि ल्याउँला ।

तर, मैले त यो पानी अरू कसैको लागि अर्पण गरिसकेको छु ।

अहँ पानी त दिनै पर्छ ।

**युवतीले घैलाको पानी घैला छोपेको बटुकामा सारेर दिन्छे । जुनाले पानी खान्छे । सुनकुमारी र मनुले पनि पानी खान्छन् ।**

**मनु** : कति टाढाबाट पानी बोकेर ल्याम्नु भा होला । आफ्नै बैनी सम्झेर मागिहालेँ, दिक्क नमान्नुहोला है ।

**निलकुमारी** : मैले नि आफ्नै दाजु जस्तै लागेर दिएकी हुँ । आफ्नै बैनी पनि भन्नु हुन्छ अनि दिक्क नमान्नु पनि भन्नु हुन्छ ?

**सुनकुमारी** : यीनका बैनी छैनन् । प्याच्च बोलिहाल्छन् । नानीहरू जस्ता देख्यो कि बैनी भनिहाल्छन् । नाम चाहिं के पर्‍यो कुन्नि ?

**निलकुमारी** : निलकुमारी ।

**मनु** : **(कोट्याउँदै)** चुप लाग । बढि नबोल । मेरा त आफ्ना दिदीबैनी छैनन् । बैनीका त दाजुहरू हुनुन्छ होला नि है ?

**निलकुमारी ट्वाल्ल पर्छे । सबैले निलकुमारीलाई हेर्छन् । त्यहि बीचबाट जुना उठेर मञ्चको अग्रभागमा आउँछिन् । प्रकाशले जुनालाई मात्र देखाउँछ ।**

**जुना** : **(दर्शकसँग)** पानी पिउने बाहानामा बनेको हाम्रो सम्बन्धले हामीलाई निलकुमारीको घरसम्म डोर्‍यायो । हामी निलकुमारीको घरमा पुग्दा निलकुमारीका बाबुसँग निलकुमारीको हात माग्न एउटा केटा आ रैछन् । निलकुमारीका बाबु भन्दै थिए, एउटा राम्रो ज्वाइँ खोजेर तेरो घरजम गरिदिन पाएँ भने आनन्दले मर्न सक्छु । तर निलकुमारी बुढो भको बाउलाई एक्लै छोडेर घरजम गर्न चाहान्नँ भन्दै थिइन् ।

**मञ्चमा पुर्ण प्रकाश पर्छ । निलकुमारीको घरको आँगनमा बुढा बा बसिरहेका छन् । घरमा दुई जना नयाँ मान्छे पनि छन् । निलकुमारीलाई माग्न आएका । निलकुमारी घर पुगेर बाउसँग रिसाउँछे ।**

**निलकुमारी** : बा मेरो मुखबाट नराम्रो कुरा निस्किनु अघि नै फर्काइदिनोस् यीनरलाई । म ब्या गर्दिन । तपाईंलाई म घाँडो भकी हुँ ?

**बाऊले छोरी माग्न आउनेहरूसँग माफ माग्दै हात जोड्छ । उनीहरू रिसाएर फर्किन्छन् । निलकुमारीको बाउ र निलकुमारी दुवै उदास छन् । अरू पाहुनाहरू बस्छन् । एकै छिनको मौनता ।**

**बाउ** : सबै जना आ–आफ्नै सुरमा आ–आफ्नै तालमा । म बुढोको टाउको तेसै दुख्दो हो नि ।

ए कुन चैं बाउलाई आफ्ना छोराछोरी भारी हुन्छन् र ? तेरो दाजु नि मलाई भारी भको थ्यो र ? उसले मलाई छोडेर गयो त ?

**निलकुमारी** : छोडेर गको होइन दाजुले । जबरजस्ती लग्या हुन् ।

**बाउ** : **(आक्रोश)** हो हो लगे नि गए नि तेरो दाजुले छोड्न त छोड्यो नि ? आमाले त झन संसारै छोडी । अब बाँकी रकी तैं एउटी होस् । तँ जाँदा नि मलाई केही फरक पर्दैन ।

अब त पीरैपीरले भएभरको पाउर सप्पै हरायो । नत्र म एक्लैले के के गर्न सक्थैं ।

ए बाबै तेरो गतिलो घरजम भको देख्न पाए त मलाई नि आनन्द हुन्थ्यो । नाती नातिना हुन्थे होलान् । म बुढो त एक्लै जन्मैं, एक्लै नै छु । मर्दा पनि एक्लै नै मर्ने हो । मर्नु अघि अर्को एउटा जीवन देख्ने रहर छ । त्यत्ति हो । **(सुँकसुँकाउन थाल्छ ।)** तेरो दाई भको भए किन तँलाई यसो भन्थैं र ?

**(एकै छिनको मौनता)** खै कुन भुमरीमा पऱ्यो ? अरूलाई बाटो देखाउने काम गर्ने मान्छे, आफ्नै घरको बाटो भुल्यो ।

**निलकुमारीको बुबा रिसाएर घरभित्र छिर्छ तर आधा ढोका खुल्लै छोड्छ । सबैले निलकुमारीलाई हेर्छन् ।**

**निलकुमारी** : **(दर्शकहरूलाई सम्बोधन गर्छे । प्रकाश निलकुमारीमा मात्र पर्छ ।)** मेरो दाई स्कुल पढाउनु हुन्थ्यो । बिहान स्कुल गएर

प्रत्येक बेलुका साइकलको घण्टी बजाउँदै घर फर्किने मेरो दाजुलाई खाजा बनाएर म पर्खिरहन्थैं । त्यो दिन पनि खाजा बनाएर सँगै खाउला भनेर साइकलको घण्टीको आवाज पर्खिरहेको थिएँ । झमक्क साँझ परिसकेपछि एउटा खबर आयो । केही मान्छेहरूले स्कुलबाटै दाजु सहित अरू मास्टर हरूलाई पनि लगे रे । कहाँ लगे र को थिए उनीहरू ? कुनै अत्तो पत्तो थिएन । घरमा आमा, बुबा र म दाजुको पर्खाइमा बाटो हेरेर बस्यौं । कुनै समाचार आएन ।

**मञ्चमा थोरै प्रकाश पर्छ निलकुमारी आफ्नो कुरा भनिरहँदा त्यसको दृश्य मञ्चमा देखिन्छ । दुई जना फेटा बाँधेका जवानहरू आएर निलकुमारीको हातमा बन्दुक राखिदिन्छन् र निलकुमारीलाई अघि लगाउँदै हिँड्छन् ।**

**निलकुमारी :** केही समयपछि बन्दुक बोकेका केही मान्छेहरू आएर मेरो दाजु भेटाइदिन्छु भन्दै मलाई पनि लिएर गए । दाजु भेट्ने आशमा मैले पनि बन्दुक समाएँ र उनीहरूको पछि लागैं । जसोजसो भने उनीहरूले, मैले पनि त्यसैत्यसै गरैं । केही दिनपछि जंगलमै खबर आयो– आमा बित्नु भको । उनीहरू आफैँले मलाई घरसम्म ल्याइदिए । **(निलकुमारीलाई एउटा कपडाले ओडाइदिन्छ कसैले र बन्दुक लिएर जान्छ ।)** आमाको काज क्रिया म आफैले गरैं । आमाको काजक्रियामा नआएको भए, म पनि अहिले कहाँ हुन्थैं थाहा छैन । घाँस दाउरा गर्न जंगल जान्छु भनेर घरबाट निस्किन्छु, चिन्ताले अन्तै पुऱ्याउँछ । सानोमा दाजुबहिनी गोठालो गर्न जाने त्यो हाम्रो जंगल आजभोलि आफ्नो हो भन्ने पटक्कै लाग्दैन । **(केही बेरको मौनता । मञ्चमा पुरा प्रकाश पर्छ । मञ्चमा मनु, सुनकुमारी र जुना आफनो आफ्नो पोको पन्तुरोको भारीसँगै निलकुमारीलाई सुनिरहन्छन् ।**

अहिले बुढा बा मात्र हुनुन्छ । जहिल्यै एउटै कुरा भनिरहनुहुन्छ, "म मुढा जस्तो भको बुढोलाई रूँघेर नबस् । ब्या गरेर जा ।"

मेरो पनि शरिर हो । मेरो पनि मन छ । जीवन आनन्दले बाँच्ने मेरो पनि चाहाना छ । तर रहर छ भन्दैमा बुढा भको बालाई एक्लै छोडेर कसरी हिंड्न सक्छु ? अब त बाले आश मारिसक्नु भयो तर मेरो एउटै चाहना छ । यो खिया लागेर थन्किएको साइकलको घण्टीले फेरि बज्न पाओस् र म हरेक साँझ दाइलाई खाजा बनाएर पर्खिरहुँ ।

**सुनकुमारी** : ए बरा.. हाम्ले त तपाईको मन पो दुखाएछौं है ? क्यार्नु व्याथा त हाम्रो नि यै हो नानी । हामी नि हाम्रा मान्छे भेटिएलान् कि भन्दै शहरसम्म हिंड्या हौं । थकाई मार्नलाई बस्या, तपाईंसँग भेट भो । घर आइपुग्यो । मिठो मसिनो खुवाउनु भयो । अब पनि नहिंडे त गाडी भेट्न गाह्रो पर्ला हगि ?

**निलकुमारी** : तपाईंहरू थाकेर आउनु भाछ । आज यतै बसेर आराम गरे हुने नि ।

**जुना** : अब त आरामलाई पनि आराम गर्ने फुर्सद छैन निलकुमारी । बस्ने होइन, बरू मिल्छ भने तपाईं नि हिंड्नोस् हामीसँग । हामीले अब पनि उत्तर नखोजे कहिल्यै पाउँदैनौं ।

**घर भित्रबाट कुरा सुनिरहेको निलकुमारीको बाऊ रिसाएर बाहिर निस्कन्छ ।**

**बाउ** : जा जा । तँ पनि यीनीहरूसँग जा ।

**निलकुमारी** : नाईं म जान्न ।

**बाऊ फेरि रिसाएर एक्लै भुत्भुताउँदै घरभित्र छिर्छ । फेरि पनि घरको ढोका आधा खुल्लै छोड्छ । मनु भावुक हुन्छ र आफ्नो सारङ्गी निकालेर मनको बह पोख्न थाल्छ ।**

## गीत

*कात्तिक मैना*

*हे मेरी बैना*

*माला उइनी नरोइदिए*

*म आउन पाइनँ*
*अहिलेको वर्ष*
*दिदीनिका ठण्डीका दिनको*
*दैनीको आउनीको*
*दशैं सबको तिहार बैनीको*
*अहिलेका वर्ष*
*दिन र मैना भैगो*
*मैना र वर्ष आइगो*
*दैलामा खुशी मनको*
*न्याउलीको रूवाई वनको*
*घरैमा बैनीको*

*कात्तिक मैना*
*हे मेरी बैना*
*माला उइनी नरोइदिए*
*म आउन पाइनँ*
*अहिलेको वर्ष ।*

**मनुले गाएको सारङ्गीको गीतसँगै उनीहरूको यात्रा शुरू हुन्छ । घरैमा बसेर निलकुमारीले यात्रामा हिंडेकाहरूलाई हेरिरहन्छे । उनीहरू मुलबाटोमा पुग्दा झमक्क साँझ पर्छ । हेडलाईट बाल्दै गाडी आइपुग्छ । उनीहरू गाडीमा चढ्छन् । गाडीमा पनि मनुले गीत गाइरहेको छ । गुडिरहेको बसमा मनुले गाएको गीत सुनेर एक्लै आँसु झार्दै सिर्जना गीत सुनिरहेकी छे ।**

**सिर्जना** : दाजै मेरो त साह्रै मन छोयो, तपाईंको गीतले । **(पैसा निकालेर दिन्छे)**

**मनु** : **(अप्ठ्यारो मान्छ)** हैन हैन पर्दैन, पैसाको लागि गाएको हैन मैले । हराएको खुशी र दुखेको मन पैसाले कहाँ भेटिन्छ होला र ?

**सिर्जना** : **(अप्ठ्यारो मान्छे)** ए मैले थाहा पाइनँ । अन्यथा नलिनु होला है ?

**सुनकुमारी** : ठीकै छ नानी । के नै पो बिग्र्या छ र ?

**मनु** : तिम्रा मुखलाई बुझो लाऊ । जो भेटे नि प्वाक्क बोल्नै पर्ने ।

**सुनकुमारी** : लु बुझो लाम् ।

**सुनकुमारीले आफ्नो झोलाबाट सातु निकाल्छे र सिर्जनालाई दिन्छे । सिर्जनाले नखाने भनेर आँखाले शान गर्छे । मनुलाई दिन्छे । सातु खाँदा मनुलाई अड्किन्छ । केही नबोली सिर्जनाले पानी दिन्छे । अप्ठ्यारो मान्दै मनुले पानी खान्छ ।**

**जुना** : नानीको घर चैं कता पर्‍यो कुन्नि ?

**सिर्जना** : यतै नजिकै हो ।

**जुनाः** अनि टाढैको सफर पो हो कि ?

**सिर्जना** : टाढा भनम् कि नजिक भनम् ? ऐले चैं सहर सम्म हिंड्या ।

**सुनकुमारी** : ए लु गज्जबै भैगो नि, हामी नि शहरै हिंड्या हम् ।

**(मनु घुरेर हेर्छ ।)**

**सिर्जना** : तपाईंहरू खास काममा शहर हिंड्नु भा जस्तो छ नि ?

**जुना** : अँ बैनी, हामी त हाम्रा मान्छेहरूको खोजी अर्न हिंड्या हम् ।

**सुनकुमारी** : अनि नानी चैं कति कामले हिंड्नु भो नि शहरतिर ?

**सिर्जना** : कति काम भनम् र ? १३ वर्ष देखि यही कामकालागि दौड्या दौड्यै छु ।

**सबै जना मुखामुख गर्छन् ।**

**मनु** : यतिका लामो समयसम्म लाग्ने कस्तो काम हो कुन्नि भन्न मिल्थ्यो कि ?

**सिर्जना** : **(भावुक भएर)** भनम् के भनम्, नभनम् के नभनम् ? मेरा श्रीमानलाई बेपत्ता पारिदिए । श्रीमानको केही पत्तो लागिहाल्छ कि भनेर ।

**जुना** : व्यथा सबैको उस्तै हो नानी । बाहिर बगेको आँसु त सबले देख्छन्, तर भित्रै जमेको आँसु कसले देख्छ र ? हामी पनि हाम्रा मान्छेको पत्तो लगाउन हिंडेका हम् ।

**सुनकुमारी** : **(हत्तारिंदै)** हो त बैनी, हाम्रो पनि बुबा हराउनु भा छ ।

**मनु** : हराउनु भको हैन ? बेपत्ता पारेका हुन् बुबालाई ।

अनि हजुरको श्रीमान चैं ?

**सिर्जना** : वहाँ स्वास्थ्य चौकीमा काम गर्ने मान्छे । नजिकै हाम्रो चिया पसल । वहाँ दिनहुँ चिया खान आउने । हुँदाहुँदै स्वास्थ्यचौकीमा कम, चिया पसलमा बढी डिउटी हुन थाल्यो वहाँको । मैले चिया दिंदादिंदै चियामा आफ्नै मन पनि मिसाएर दिइसकेछु । मायाको जात मिलेन रे । हामीले भागेर बिहे गऱ्यौं र छुट्टिएर बस्नु पऱ्यो । बिहे भएको एक महिना पछिको रात ४ जना घाइतेहरू घरैमा आए । केही सामान्य उपचार गरिदिनु भयो । त्यो रात हाम्रैमा बसे । एकाबिहानै उनीहरूका साथीहरू आएर लगे । त्यसै हप्ता विद्रोहीहरूलाई पालेर राखेको भन्दै सेनाहरू आएर वहाँलाई लिएर गए । कहाँ लगे, के गरे केही था पत्तो छैन । धेरैतिर बुझ्न गएँ । वहाँलाई धेरै ठाउँ सारियो रे भन्नेसम्म सुनेको हो । ती सबै ठाउँ धाएँ र गुहार पनि मागैं । पार्टीसँग मागैं, सरकारी अड्डा धाएँ, ठूल्ठूला होर्डिङबोर्डमा "अधिकार" लेखिएका कार्यालयहरू ढुकैं । तर कहाँ चै हुनुहुन्छ ? अहिले सम्म थाहा पाइएन । मेरो लोग्नेको खबर लिएर मात्र माइती र सासु ससुरालाई भेट्न जानुछ ।

**जुना** : मनलाई दह्रो बनाउनु पर्ने रैछ बैनी । मनलाई दह्रो बनाउनै पर्ने रैछ ।

**सिर्जना** : दह्रो त पारेकै हो दिदी, तर कमजोर बनाईदिँदो रैछ समयले । भर्खरै त मेलो लिँदैथ्यो मेरो जीवनले । कति सपनाहरू बुनेका थिएँ । जसका लागि आफ्ना नातागोता सबै त्यागेर हिडेँ, आज उसैको टुंगो छैन ।

**मनु** : मन मार्नु हुँदैन बैनी, अझै लामो हिंड्नु छ हामीले । अहिले नै हरेस खाइयो भने कसरी टुंगो लगाउन सकिन्छ र उनीहरूको ?

**सिर्जना** : लामो समयको पर्खाई पछि मैले सबथोक त्यागेर पाएको थिएँ वहाँलाई । मेरा पखेँटाहरू भर्खरै पलाउँदै मात्र थिए । तर, त्यही दिनको हुरीले मेरा सबै पखेँटाहरू भाँचिदिए, मारिदिए सपना पनि ।

अब फेरि मैले कति समय पर्खिनु पर्छ वहाँलाई पाउन अनि कहिले देखि म निर्धक्क सपना देख्न पाउँछु ? थाहा छैन । तर एक पटक उनको पत्तो लगाएर माइती र आफन्तले बनाइदिएका तगारो भत्काउन मन छ ।

**सबै जना शान्त हुन्छन् । गाडी अगाडि बढिरहेको छ । जंगलमा पुग्छ गाडि । एकाएक गाडी** घ्याच्च रो**किन्छ । सबै जना आत्तिन्छन् र कराउन थाल्छन् । बन्दुक बोकेको एक जना सिपाहीको जस्तो पुरानो कपडा लगाएको मान्छे गाडीभित्र छिर्छ ।**

**सिपाही** : के हो गाडी रोक्नु भने पछि रोक्नु पर्दैन ? नटेरेको हो ?

**सिपाही यात्रीहरू भएतिर नियाल्छ ।**

**सिपाही** : सबै जना उठ्नु । चेक गर्नु पर्‍यो ।

**मनु बाहिर निस्कन खोज्छ । सिपाहीको अगाडि पुग्छ ।**

**सिपाही** : नेपाली बुझिँदैन कि क्या हो, अंग्रेजीमा भन्नु पर्ने ? बाहिर निस्कनु भन्या हैन, उभिनु मात्र भन्या हो । त्यहाँ बस ।

**सिपाही पालैपालो सबैलाई हेर्न थाल्छ । झोला पोको पन्तुरो खासै वास्ता गर्दैन, मान्छेहरूलाई मात्र नियाल्छ । सबै जना डराउँछन् । सिपाही सबैतिर लम्किलम्कि हेर्छ र एक ठाउँमा पुगेपछि रोकिन्छ ।**

**सिपाही** : गाडी अगाडि बढाउँदा हुन्छ ।

**गाडी अघि बढ्छ । मौनता । सिपाही गाडिकै प्यासेजमा उभिएको छ ।**

**मनु** : **(डराउँदै)** भाई बाटाँ अभर पर्नुभा जस्तो छ । काँ सम्म हो कुन्नि ?

**सिपाही** : **(घुरेर हेर्छ)** नारायणघाट । गाडी कहाँ सम्म जाने हो ?

**जुना** : काठमाडौँ ।

**सिपाही** : गाडी जाँ सुकै गएनि म नारायणघाट उत्रिन्छु ।

**सुनकुमारी** : हुन्छ हुन्छ, तपाईंलाई जहाँ उत्रिन मन लाग्छ तीं उत्रिनु ।

**सिपाही घुरेर हेर्छ ।**

**सिपाही** : के बसाई सरेर हिंड्या हो कि क्या हो काठमाडौँ ?

**सिर्जना** : हैन.... अलि दिनको काम छ ।

**सुनकुमारी** : **(डराउँदै)** अनि तपाई चै पुलिस हो ?

**सिपाही** : जानेर के गर्नु हुन्छ र ? **(सबै जना मौन हुन्छन् ।)** सेना थैं ।

**(सबै जनाको ध्यान आकर्षण हुन्छ)**

**सिर्जना** : सेना थैं ?

**सिपाही** : अंग्रेजीमा भन्नु पर्ने यो पनि ? थैं भने पछि ऐले छुइनँ ।

**सिर्जना** : जंगलको बीचाँ गाडी रोकेर चेकिङ गर्नु भो ? फेला त केही पार्नु भएन जस्तो छ ।

**सिपाही** : फेला पाऱ्या भए त सिद्धिहाल्थ्यो नि । किन सँगसँगै हिंड्थे ?

**सुनकुमारी** : **(मनुलाई)** ए ठूलै गल्ती गऱ्या जस्तो छ ।

**सिपाही** : **(रिसले)** ह्या चुप... उसले केही गल्ती गऱ्या थिइन ।

बरा, म सेना भएको कारण विचरीले सजाय पाउनु पऱ्यो ?

**जुना** : ए, विचरा ।

**सिपाही घुरेर हेर्छ ।**

**सिपाही** : कहाँबाट आको तिमरू ?

**सुनकुमारी** : **(एकै सासले)** हामी त उ उता, पश्चिमबाट आका । बाउको पत्तो लाउनु छ । उहाँहरूको चैं श्रीमान ।

**(मनुले च्याप्प मुख थुनिदिन्छ ।)**

**सिपाही** : किन थुन्छस ऐ, बोल्नेको मुख । बोल्न दे । **(मौनता)**

भने पछि आफ्ना मान्छे खोज्न हिंड्या तिमरू । यो तरिकाले खोजेर पाइन्छ ? के काठमाडौंमा चैं तिमरका बाऊलाई सिंहदरबारभित्र पुजा गरेर राख्या छन् जस्तो लाग्छ ?

**मनु** : खै भाई, काठमाडौंबाट पाँचसात दिनमा फर्काइदिन्छु भन्थे, जुग वितिसक्यो । सबैतिर खोजिसक्यौं । अब त्यैं मात्र बाँकी छ खोज्न । सबै कागजपत्र त्यैं बुझाउनु छ ।

**सिपाही** : कागज पत्र बुझाउँदा पत्तो लाइदिन्छन् जस्तो लाग्छ ? यत्रो वर्षसम्म कागजपत्र बुझायौ नै होला ? केही सुइँको पायौ ? हेर, म नि सरकारकै नुन खाएर जीवन चलाउँदैथें । त्यै नुन खाएकै कारण मेरो जीवन नि खोसिदिए मबाट । उसैलाई खोज्न भौंतारिराछु । अझै पनि जिउँदै त राख्या होलान् भन्ने झिनो आश छ । तर दायाँबायाँ केही गऱ्या रैछन् भने चैं, म कसैलाई छोड्दिन ।

हेर दिदी, हामी जस्ताले पाउनु पर्ने कुरा कागजले नदिंदोरहेछ ।

**(आफूले भिरेको बन्दुक हेर्छ)** बन्दुक बोकेर त पाको छुइनँ मैले ।

ओए गाडी रोक् ।

**सिर्जना** : तपाईंले भन्या ठाम् त आ छैन त ।

**सिपाही** : आए नि नआए नि, काँ झर्नु पर्छ काँ चढ्नु पर्छ मलाई था छ । ओ ड्राइभर, नेपाली बोल्या बुझ्दैनस् ? ब्रेक लगा भनेको ।

**गाडी रोकिन्छ ।**

**सिपाही** : धन्यवाद । राम्ररी जानु ।

**सिपाही ओर्लिन्छ । अरूले उसलाई झ्यालबाट हेर्छन् । नेपथ्यबाट संगीत बज्न शुरू हुन्छ । प्रकाश निभ्छ ।**

**दिउँसो । मनु, सुनकुमारी, निलकुमारी, जुना र सिर्जना बसबाट ओर्लेर आफ्नो यात्रा अगाडि बढाइरहेका छन् । उनीहरूको बाटो छेक्ने गरि अगाडिबाट मार्चपासको टोली फेरि आइपुग्छ । मार्चपास टोलीले उसै गरि चर्को आवाजमा गीत गाउँछन् । यस पटकको मार्चपास टोलीले भने कालो घोडाको आकृति भएको टोपी लगाएका छन् ।**

**मार्चपास टोली**

*आकाशै बाधौँ, पातलै बाधौँ*
*खाई खेली हिंड्ने डुली हिंड्ने पिचासै बाधौँ*
*पूवै बाधौँ पश्चिमै बाधौँ*
*उत्तरै बाधौँ, दक्षिणै बाधौँ*

**मार्चपास टोली** : ए ल यस्तो समयमा किन दुख पाउनु भो नि तपाईंहरूले ? तपाईंहरूलाई दुःख नहोस् भनेर राहत सहित सहयोग कार्यक्रम हामीले घरघरमै पुऱ्याउने व्यवस्था मिलाएका छौं ।

**सिर्जना** : हामीलाई सहयोग र राहत हैन, सत्य कुरा चाहिएको छ ।

**मार्चपास टोली** : अलि दिन पर्खिनुहोस् । अरू व्यवस्थाहरू पनि मिल्नु पर्छ, सबैलाई मिलाएर लैजानु पर्छ । तपाईंहरूको दुःख हामीले महसुस गरेका छौं । अहिलेलाई घर फर्किनुहोस् । उतै सरसल्लाह गरौंला ।

**जुना** : ए, हाम्रा मान्छे लैजाने बेलाँ त कसैसँग सरसल्ला गर्नु पऱ्या थेन केरे । अब हाम्रा दुःख कसैले महसुस अर्नु पर्दैन । जजसको टाउको दुखे नि दुखुन्, कुरो टुंगो नलाएसम्म हामी फर्कन्नम् ।

**मनुको टोली मार्चपासलाई बेवास्ता गर्दै अघि बढ्छ । मञ्चबाट मनु, सुनकुमारी, जुना र सिर्जना बिस्तारै नेपथ्यतिर जान्छन् । मञ्चमा सुत्रधारको प्रवेश हुन्छ ।**

**सुत्रधार** : चिया पसलमा उहाँहरूको यति कुरा सुनिसकेपछि मैले रूपालाई सम्झिएँ । मेरो घर नजिकैको एउटा पुरानो घरको सानो कोठामा बस्थिन् उनी । मर्नु र बाँच्नुको बीचमा उभिएकी उनकी हजुरामा र सहारा पाउने आशमा झुण्डिएकी उनकी बहिनीको अभिभावक बनेर रूपा संघर्ष गरीरहेकी थिइन । यो कुरा मैले मेरो कोठाको आँखीझ्यालबाट हरेक दिन देख्न पाउँथे । मलाई रूपाको जीवन भोगाई वा अझ भनौं न उनको दिनचर्या राम्ररी नै थाहा थियो । तैपनि म केही गर्न सकिरहेको थिइनँ । शायद रूपाको दैनिकी र समस्या मैले केही हदसम्म नजिकबाट नियाल्न पाएर नै होला मलाई चिया पसलमा वहाँहरूको कुरा सुन्न र बुझ्न मन लागेको । लगभग एकै खालको जीवन भोगाई ।

अँ, त्यसको भोलिपल्ट मैले उहाँहरूसँग रूपाको भेट गराएँ ।

**प्रकाश निभ्छ ।**

**सरकारी कार्यालयको एक टेबलमा कर्मचारी बसिरहेको छ । रूपा हातमा आफ्नो फाइल र कागजपत्र बोकेर उभिएकी छे । कर्मचारीले उसलाई वास्ता गरिरहेको छैन ।**

**रूपा** : सर...

**कर्मचारी आफ्नै काममा व्यस्त छ ।**

**रूपा** : सर म अझै कतिबेर बस्नु ?

**कर्मचारी घुरेर हेर्छ र टेबलमा भएको एउटा फाइल निकाल्छ ।**

**कर्मचारी** : तपाईको नाम

**रूपा** : रूपा तामाङ

**कर्मचारी** उमेर ?

**रूपा** : २१ वर्ष

**कर्मचारी** : बुबाको नाम ?

**रूपा** : जगत बहादुर तामाङ ।

**कर्मचारी** : पेशा ?

**रूपा** : मूर्तिकार ।

**कर्मचारी** : कहाँ हुनुहुन्छ त ?

**रूपा** : थाहा छैन ।

**कर्मचारी** : अनि आमा नि ?

**रूपा** : यो संसारमा हुनुहुन्न ।

**कर्मचारी** : त्यसो भए अहिले नागरिकता बन्दैन । नागरिकता चाहिने भए बुबा लिएर मात्र आउनु ।

**रूपा केही नबोली त्यहाँबाट हिड्छे । ऊ मञ्चको अग्रभागमा आउँछे र दर्शकहरूलाई सम्बोधन गर्छे ।**

**रूपा** : ए हजुर, खासमा चैँ मलाई नागरिकता भन्दा पनि मेरो बुबा चाहिएको हो ।

**(दर्शकसँग)** सात वर्षको थिएँ म त्यतिबेला । स्कुलबाट सरासर घर पुगेँ । बलेसीमा बसेर बुबा मूर्ति कुँद्दै हुनुहुन्थ्यो । सानी बहिनी पिँढीमा बिछ्याईदिएको उसैको ओछ्यानमा उत्तानो परेर आकाशका ताराहरू गन्दै थिई । मानौँ कि आमा त्यहाँ बसेर हामीलाई हेरिरहनु भएको थियो । बुबा घरिघरि बहिनीलाई जिस्क्याउँदै, फकाउँदै मूर्ति कुँदिरहनु भएको थियो । बुबा मूर्तिलाई ट्याकट्याक कुटिरहनु भएको थियो । उहाँको निधारबाट तपतप पसिना चुहिंदै थिए ।

**प्रकाश बिस्तारै मधुरो हुँदै निभ्छ ।**

**मञ्चमा रूपाको घर देखिन्छ । रूपा झोलाबोकेर घरको आँगनमा कुद्दै पुग्छे । बलेसीमा उसका बुबा मूर्ति कुँद्दैछन् । पिँढिमा रूपा हातको झोला फ्यात्त बजार्छे र बहिनीसँग जिस्किन थाल्छे ।**

**रूपा** : लोई लोई लोई लोई लोइ । मेरी कान्छी हेर त रमाकी ?

**(दर्शकहरूसँग)** ऊ यसरी रमाएर मतिर तन्किँदै थिई कि लाग्थ्यो म नै उसकी आमा हुँ ।

**(बहिनीसँग)** "स्कुल जान खोजेकी हो ? अलि ठूली हो अनि दिदी बहिनीसँगै स्कुल जाने हस् ?"

**बुबा** : **(मुस्कुराउँदै)** ल ल अब खाजा खा र हजुरामालाई खाना बनाउन सघा ।

**रूपा** : अनि मलाई के ल्याइदिनु भो बजारबाट ?

**बुबा** : ए मेरी नानीलाई दुईटा चकलेट ल्याइदिनु पऱ्यो भनेको त पसलको दाई बिरामी भएर पसलै बन्द गरेछ । भोलि ल्याइदिन्छु ल ।

**रूपा** : **(दर्शकहरूसँग)** मेरो बुबाले मलाई कहिल्यै ढाँट्नु हुन्न । मलाई पसले दाईसँग रिस उठ्यो । त्यो पसले दाईलाई किन आजै बिरामी हुनु परेको होला ?

**रूपा अँध्यारो अनुहार लगाएर भित्र जान्छे । झोला राखेर बाहिर आउँछे र रिसाएर ढोकामा बस्छे । बाऊ मुस्कुराउँदै भित्र तिर हेर्छ र मूर्ति कुँद्न थाल्छ ।**

**बुबा** : आज त अनुहारमा बादल मडारिएको छ, पानी पर्ला जस्तो छ नि छोरी... **(रूपा झन ठुस्किन्छे । बाउ हाँस्छ ।)** यता आइज आइज **(रूपा जान्छे । बाउले हातमा घडी बाँधिदिन्छ ।)**

**मञ्चमा प्रकाश मधुरो हुन्छ । रूपा बिस्तारै मञ्चको अग्रभागमा आउँछे । प्रकाश रूपामा मात्र पर्छ ।**

**रूपा** : **(दर्शकहरूसँग)** आहा ! मेरा बुबाको हातले मेरो हातमा गरेको स्पर्श ।

हो, स्नेहको स्पर्श । त्यही स्पर्श मेरा यिनै हातमा पाएँ मैले ८ वर्ष पछि । स्कुलमा नयाँ सर आउनुभएको थ्यो हामीलाई म्याथ पढाउन । सरलाई देख्ने बित्तिकै म हेरेको हेऱ्यै भएँ ।

अरे, हामीलाई पढाउन बुबा आउनु भको ? म अलमलमा परेँ, मेरो बुबा त घरै नआउनु भएको आठ वर्ष भईसक्यो । र, मेरो बुबाले पढाउने काम पनि त गर्नु हुन्न थ्यो ? कसरी सर भएर यहाँ आईपुग्नु भो ? फेरि अर्को मनले

भन्छ, के थाहा, वा कतै गएर बुबाले पढाउन पो थाल्नु भको थ्यो कि ? बुबाका साथीहरूले भन्थे, बुबाले आफूले पढ्ने गरेका राता किताबहरू खेतको ढिस्कोमा गाड्नु भएकोथ्यो रे । हैन, बुबा नै हो भने पनि मसँग त कुरा गर्नु पर्ने हो । मेरा बारेमा त सोध्नु पर्ने हो । ए होइन होइन, बुबाले मलाई चिन्नु भएन होला । मलाई छोडेर जाने बेलामा म स्यानो थिएँ नि त ।

**मञ्चमा बिस्तारै प्रकाश छरिएसँगै कक्षा कोठा देखिन्छ । रूपाले किताब नपल्टाएको देखेर श्याम सर नजिक आउँछन् र किताब पल्टाएर रूपाको हात किताबमा राखिदिन्छन् । रूपाले आफ्नो बा सम्झिन्छे । सर अगाडि गएर आफ्नो परिचय दिन्छ ।**

**सर** : म श्याम लामा । आज देखि म तपाइँहरूलाई म्याथ पढाउनेछु ।

**श्याम सरले आफ्नो परिचय दिएपछि रूपा टोलाइरहन्छे । प्रकाशले रूपालाई मात्र देखाउँछ ।**

**रूपा** : **(दर्शकहरूसँग)** मेरा खुशी र मेरा आशाहरू सबै एकाएक निराशामा परिणत भए । किनभने मेरो बुबाको नाम श्याम लामा थिएन ।

**समय रोकियो टक्क । मेरो आँखामा जमेको समुद्र जसरी नै । मैले घडी हेरें । यस्तो लागेर आयो, त्यो घडी पसले दाइले सही समय पत्ता लगाउने घडी दिएनछ मेरो बुबालाई । फेरि अर्को मनले सोच्छु, बुबाले त मेरो मात्र हातमा घडी बाँधिदिनु भएको थ्यो । उहाँको हात त अझै पनि खालि नै होला । मेरो बुबाको हातमा घडी नभएरै होला अझसम्म पनि बुबालाई घर फर्किने समयको हेक्का भएकै छैन । जुन दिनबाट मैले हातमा घडी बाँधे, त्यहिदेखि मेरो समय खराब चल्न थाल्यो ।**

अहिले म जागिर खाँदैछु । म हरेक दिन कामबाट फर्किंदा एउटै चिन्ता दोहोरिरहन्छ । छोरो आउने आशमा पर्खिंदा पर्खिंदै रोगले थलिएकी मेरी हजुरामालाई दैनिक लगाउनु पर्ने अक्सिजनको सुई कति ओरालो लागेको छ ? र मेरी सानी बहिनी स्कुलबाट सुरक्षित घर आइपुगी कि आईपुगिन ।

**रूपाको घरमा रूपा ढोका खोलेर भित्र पस्छे । टक्क उभिन्छे । बहिनी किताबमा नक्सा हेरेर बरबराईरहेकी छे ।**

**रूपा** : नानी के भो ?

**बहिनी** : मैले आज पनि त्यै सपना देखैं दिदी । बुबालाई आर्मीहरूले लैजाँदै गरेको देखैं । दिदी आर्मीहरू कहाँ कहाँ बस्छन् ?

**बहिनीको कुराले रूपा पक्क पर्छे ।**

**बहिनी** : दिदी म ठूली भएर आर्मी बन्छु र हाम्रो बुबालाई जसरी भए नि खोजेर ल्याउँछु ।

**रूपा बहिनीलाई अँगालो मार्छे र दर्शकपटि फर्किन्छे ।**

**रूपा** : मैले केही उत्तर दिन सकिनँ । उसले बुबाको अनुहार त फोटोमा मात्र देखेकी हो । बुबा सरह उमेरका मान्छेहरूमा आफ्नो बुबा नै खोजिरहन्छे ऊ पनि म जस्तै । मनैदेखि खोज्यो भने त जे पनि भेटिन्छ भन्छन्, तर अहिलेसम्म पनि बैनीले न त नक्सामा मेरो बुबालाई राखिएको ठाउँ भेट्टाई न त मैले उसको अनुहारमा मुस्कान नै भेट्टाएँ ।

सँगसँगै सम्झिन्छु मेरी हजुरामा, जो आफूलाई दैनिक चाहिने अक्सिजनको सुईले रातो भाग छुँदैछ भन्ने बिर्सिएर कामना गरिरहन्छिन् हाम्रो दिर्घायुको ।

**हजुरआमाले कोठामा जगतकालागि स्वीटर बुन्दै छिन् । रूपा हजुरआमाको छेवैमा पुग्छे ।**

**रूपा** : कति भन्नु तपाईंलाई स्वीटर नबुन्नु भनेर ? तपाईंलाई आराम चाहिएको छ अहिले । अलि बिसेक भए पछि के के मन लाग्छ गर्नु ।

**हजुरामा** : जाडो आउनै लाग्या छ । तेरो बाऊ आइपुगिहाल्यो भने उसले लगाउने लुगै छैन । यहाँ भका जति सबै पुराना भइसके । अलि मोटाको पो छ कि ? अलि ठीक नहोला कि ? यसो यो स्वीटर बनाइदिन पाए तेरै बाउलाई त न्यानो हुने हो नि ।

**रूपा** : बुबालाई पनि थाहा छ होला, जाडो आउँदै छ भनेर । समयको ख्याल नभएपनि ऋतुको त हुँदो हो । अहिलेलाई आराम गर्नु ।

**हजुरामा** : तेरो बाउले नि ठ्याक्कै यसै भन्थ्यो । केहि गर्न दिंदैनथ्यो । जहिलै पनि आराम गर आराम गर मात्र भनिरहन्थ्यो । तेरै बैनी जसरी नै रिसाउँथ्यो र तैंले जसरी नै फकाउँथ्यो ।

नानी, मेरो समय त मिनेट दिन बनेर, दिन महिना बनेर, महिना बर्ष बनेर यै कुरूसका हारहरूमा उनिएको छ । किन रोक्छेस् नि मलाई ?

के गर्छेस् बाबै तेरो बाउले मलाई कुर्नु पर्ने बेलामा, मै तेरो बाऊलाई कुरिरा छु । तेरो बाउ एकचोटि मात्र भएनि टुप्लुक्क आँगनमै आइपुगे त सबै काम छोडेर, सँधैको लागि आराम गरिदिन्थेँ ।

**सारङ्गीको धुन बज्न थाल्छ । मञ्चमा बिस्तारै प्रकाश पर्न थाल्छ । मनु, सुनकुमारी, जुना र सिर्जना उदास छन् । रूपा सुक्सुकाउँदै छे । रूपाको सबै कुरा सुनिरहेका छन् । रूपा आफ्नो कुरा फेरि शुरू गर्न थाल्छे ।**

**रूपा** : हजुरामाले यो भन्दा अगाडिका चौधवटा जाडोमा बुबाको लागि भनेर चौधै वटा स्वीटर बुन्नु भयो । धेरै वटा त

पुराना पनि भइसके । अहिले हजुरामाको आँखाले राम्ररी काम गर्न छोडे पनि स्वीटरको घर बुन्न बिर्सिनु भको छैन ।

**(दर्शकसँग)** मेरी हजुरामाको शालिनताको फाइदा उठाउने काकाहरू, मेरो घरको साँध मिचेर आफ्नो बनाउन खोज्ने आफन्तहरू र मेरो बैंसमाथि ऱ्याल चुहाउने छिमेकीहरू छन् । म छोरी मान्छे भएकै कारण बल्लबल्ल दौडिन खोज्दा पनि हिंड्न नदिने र म उक्लिसक्दा पनि चढ्न नदिने यी गरिब मानसिकताहरू देख्दा मेरो मगज रन्थनिन्छ ।

**(रूपाले रिसलाई काबुमा राख्न सक्दिनँ)** यस्तो लाग्छ कि फिल्मको हिरो जसरी बाइक हुँइक्याएर चोकको बीचमा आएर चिच्याउँदै भनुँ–

तिमीहरूले भरिदिएका डर, कोरिदिएका सिमाना, रोपिदिएका स्वार्थ, तोकिदिएका मर्यादा र तिम्रा अनुशासनका थाङ्नाहरू च्यात्दैछु । सक्छौ भने आउ मेरो अगाडि र जुधाऊ मेरो आँखामा तिम्रा आँखा । आज म तिम्रा अनुशासनका पर्खाल भत्काउँदैछु र सिमानाका रेखाहरू मेट्दैछु । कसैलाई रोक्ने हिम्मत भए आऊ मेरो अगाडि **(रूपा बेस्सरी रून थाल्छे ।)**

**(मनुको टोलीका सामु रूँदै)** शायद आज बुबा हामीसँगै हुनु भएको भए हामीले यो नियति भोग्नु पर्ने थिएन ।

**केहीबेरको सन्नाटा । मार्चपास टोलि चर्को आवाजसहित मञ्चमा देखा पर्छन् । मार्चपासको टोली दुई थरि टोपी लगाएका छन् । आधाले रातो घोडा र आधाले कालो घोडाको आकृति भएको टोपी लगाएका छन् । दुई टोलीको घेराबन्दीमा परेका छन् मनुको टोली । मार्चपासको टोलीको आवाज एकदमै चर्को हुन्छ । मनु, सुनकुमारी र बाँकीले घेरा तोड्छन्, मार्चपास टोलीको**

**आवाजलाई जित्छन् र आफ्नो आवाजलाई बुलन्द बनाउँछन् । सबैको स्वर र मुभमेन्टले मार्चपासलाई पछाडि पार्दै मञ्चको अग्रभागमा आउँछन् ।**

*हामीले लेखेर आएका छौँ हिउँमा आ-आफ्ना नामहरू*
*एकैछिनपछि घाम लाग्यो भने, रहने छैनन् हाम्रा नामहरू*
*एकैछिनपछि हिउँ थपियो भने पनि, रहने छैनन् हाम्रा नामहरू*
*यसरी हामी रहँदा रहँदै नरहने हाम्रा नामहरू*
*हामी नै नरहे पछि कसरी रहलान् उनीहरूका नामहरू ?*

**मञ्चमा बिस्तारै प्रकाश हराउँछ । नेपथ्यबाट बजिरहेको संगीत हराउँछ । केही बेरको सन्नाटा । बिस्तारै मञ्चमा सुत्रधारको प्रवेश हुन्छ । मञ्चको अग्रभागको दाहिनेपट्टि सुत्रधार उभिन्छ ।**

**सुत्रधार** : आज छापिएको मेरो छोटो लेखको पूरा भाग यस्तै थियो । मेरो भनाई अहिलेलाई सिद्धिएपनि वहाँहरूको यात्रा अझै जारी छ । मेरो सामर्थ्यले वहाँहरूको यो खोजलाई अलिकता गोडमेल गर्न सक्यो र मैले वहाँहरूको जीवन भोगाईलाई अलिकता भएनि आफ्नो बनाउन सकेँ जस्तो लाग्छ । भोलिका दिनमा नयाँ पिँढीले "तेरै आँखा अगाडि तेरै आँगनमा नियतिले खेलेको खेलमा के गर्न सकिस् ?" भनेर औँला ठड्याउँदा छोटै भए नि जवाफ दिन सक्ने भएको छु ।

केका लागि यस परिस्थितिको सिर्जना भयो ? र कसले रच्यो यो कथा ? र ककसले के के पाए ? मलाई थाहा छैन । मलाई यत्ति थाहा छ, कि म त एउटा सुत्रधार मात्र रहेछु ।

**मनुको टोली दर्शकहरूको बीचबाट आउँछन् । मनु, सुनकुमारी, जुना र सिर्जना बिस्तारै मञ्चको अग्रभागमा सुत्रधारसँगै लाइन लागेर उभिन्छन् । नेपथ्यबाट कोइलीको आवाज आइरहन्छ ।**

**मनु** : **(चरातिर हेर्दै)** हामीले एकैछिनकालागि भारी बिसायौँ है ?

**सुनकुमारी** : बोकेर हिंड्न गह्रुङ्गो भएर हैन, केहीबेर सुस्ताउन खोज्या हौं ।

**कोइलीको आवाज रोकिएको छैन । सबैजना कोइली भएतिरै हेर्छन् ।**

**मनु** : **(कोइलीलाई हेर्दै)** तिम्रो र हाम्रो व्यथा उस्तै हो बाबै । तिमी नि आफ्नालाई नै खोज्दैछौ भन्ने सबैलाई था छ, तर तिम्राबारेमा पनि सोच्ने फुर्सद त कसलाई छ र यहाँ ?

**नेपथ्यबाट आएको धूनसँगै सबैजनाले भारी बिसाउँछन् । सबैको नजर कोइलीतिरै छ ।**

**सिर्जना** : मैले अर्को चोला फेर्न पाउँछु कि पाउँदिन त थाहा छैन । तर, अब मैले कतिञ्जेल आफ्नो जोवनको रंगलाई फेरिरहनु पर्छ ?

**जुना** : तिमीलाई जस्तै मलाई पनि कसले उत्तर देला र बाबै ? मेरो यो सिन्दुरको रंग कस्तो छ र अब कस्तो हुनुपर्छ ?

**रूपा** : अनि मैले कहिलेसम्म मेरो बुबा आउने बाटो हेरेर कुरिरहनु पर्छ होला ?

**मञ्चमा बिस्तारै प्रकाश मधूरो हुन्छ । नेपथ्यबाट कविता बज्न थाल्छ । कविता वाचन भइरहँदा सबै जनाले आफ्नो गह्रुङ्गो भारीलाई अग्रभागका दर्शकहरूको अगाडि ल्याएर राख्छन् । त्यहाँ उनीहरूको बेपत्ता परिएका आफन्तहरूको तस्विर र तिनका चिनोहरू छन् । बाकसमा ठडिएको सिल्वेट तस्विरको फ्रेम स्पष्ट देखिन्छ ।**

## कविता

*किन मेरो मात्रै हातको घडीमा*
*उल्टो उल्टो चलिरहन्छ जिन्दगीको समय ?*
*कसैले त भनोस् मलाई*
*कि कस्तो हुन्छ समयको रंग ?*

उड्दैउड्दै बिद्यालय गएका चराजस्ता नानीहरू
फर्कि आउँछन् उदासउदास अनुहार लिएर
कस्तो हुन्छ होला तिनीहरूले हरेक दिन
स्कूलबाट झोलाभरिभरि बोकेर फर्कने कखराको रंग ?

कस्तो हुन्छ उमेरको रंग ?
उमेरसँगै बिलाईगएका
कल्कलाउदा बैंशका रहरहरूको रंग पो कस्तो हुन्छ ?
आफ्नो हराईरहेको छोरो फर्किआउने गोरेटोमा
आँखा बिछ्याईरहेका
बृब्द्ध बाको आँखामुनिको छालाको रंग के हो ?

उसो त लालीगुँरासको पो रंग कस्तो हुन्छ होला ?
त्यै गुँरास शिरमा सिउरेकी
नवयौवनाको गालाको रंग चै कस्तो हुन्छ ?

कस्तो हुन्छ सिन्दुर उजाडिएकी
विधवाको कलेटी ओँठहरूले
गाउने गीतको रंग ?

अनि हामीले हर दिन देख्ने गरेको सपनाको रंग चै ?
कोही त भनिदेउ मलाई कि कस्तो छ हाम्रो हृदयको रंग ?

भर्खरै ढुन्मुनिदै भट्टीबाट निस्किएका
एक हुल नेताजीहरूको आँखाको रंग चैं कस्तो छ ?

किन कसैले मलाई उत्तर दिँदैन हँ ?
कि कस्तो हुन्छ
हराएका सपनाहरूको रंग ?

धन्य, हामी सबैलाई थाहा छ,
हाम्रो देशको झण्डाको

*भित्ताभरि पोतिएको रंग रातो छ*
*र नीलो छ*
*हाम्रो झण्डाको किनार ।*

**मनुको टोली आआफ्ना सामान र बाकसका पछाडि उभिएका छन् । बिस्तारै प्रकाश हराउँछ ।**

❖❖❖